# नेल्साको साधारणसभासमक्ष अनुमोदनका लागि प्रस्तुत विधानको प्रस्तावित संशोधन फाराम

२०६९ जेष्ठ २८, आइतवार

स्टाफ कलेज, जाउलाखेल

| दफा, उपदफा | भइरहेको व्यवस्था/प्रावधान | [illegible] हुनुपर्ने व्यवस्था/प्रावधान |
|---|---|---|
| प्रस्तावना | Nepalese Law Students Association | Nepalese Law Students' Association |
| १(क) | Nepalese Law Students Association | Nepalese Law Students' Association |
| २(क,ख) | Nepalese Law Students Association | Nepalese Law Students' Association |
| ७(२) | सल्लाहकारहरुको पदावधि २ वर्षको हुनेछ | सल्लाहकारहरुको पदावधि १ वर्ष को हुनेछ । |
| ७ (२) (क) | नयाँ व्यवस्था (थप) | साथै यस संस्थाको संस्थापक अध्यक्ष संस्थाको संरक्षकको रुपमा रहनेछ । संरक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :<br>क)संस्थाको हितको लागि आवश्यक सल्लाह एवं सहयोग गर्ने ।<br>ख)आवश्यक पर्दा कार्यसमितिलाई मार्गदर्शन गर्ने |
| ७ (१) (क) | यस विधानको दफा ८ बमोजिम योग्यता पुगेका कुनै पनि विद्यार्थीले तोकिएको प्रकृयाअन्तर्गत रही आवेदन गरेमा यस संस्थाको साधारण सदस्यता प्राप्त गर्ने । | साधारण सदस्यता दिनुपूर्व ३ महिनाको परिक्षणकालमा राख्ने र पछि कार्यसमितिले अनुमोदन गरेपछि मात्र साधारण सदस्यता प्राप्त हुने । |
| ७ १ (ङ) | नयाँ व्यवस्था (थप) | आबध्द सदस्य : साधारण सदस्यता दिनुपूर्व ३ महिनाको परिक्षणकालमा रहेका प्रारम्भिक सदस्यहरु आबध्द सदस्यको रुपमा रहने छन् । संस्थाको साधारण सदस्य भएपछि निजहरुको आबध्द सदस्यता स्वतः समाप्त हुनेछ । |

Scanned by CamScanner

| दफा, उपदफा | भइरहेको व्यवस्था/प्रावधान | हुनुपर्ने व्यवस्था/प्रावधान |
|---|---|---|
| १० (क,ख,घ) | साधारण सदस्यको लागि प्रवेश शुल्क रु २०० र नवीकरण शुल्क रु १०० लाग्नेछ<br><br>आजीवन सदस्यताको लागि रु १००० शुल्क लाग्नेछ ।<br><br>नवीकरण गर्न बाँकी रहेका सदस्यले आश्विन मसान्तभित्र नवीकरण गरेमा विलम्ब शुल्क रु ५० सहित रु १५० तिर्नुपर्नेछ । | साधारण सदस्यको लागि प्रवेश शुल्क रु ५०० र नवीकरण शुल्क रु २०० लाग्नेछ<br><br>आजीवन सदस्यताको लागि रु ५००० शुल्क लाग्नेछ ।<br><br>नवीकरण गर्न बाँकी रहेका सदस्यले आश्विन मसान्तभित्र नवीकरण गरेमा विलम्ब शुल्क रु १०० सहित रु ३०० तिर्नुपर्नेछ । |
| १३ (ग) | कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्यसमितिको चुनाव हुनेछ । | कार्यसमितिको पदावधि १ वर्षको हुनेछ । प्रत्येक १ वर्षमा कार्यसमितिको चुनाव हुनेछ । |
| १३ (ङ) | नयाँ व्यवस्था (थप) | अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको संरक्षकलाई आवश्यकतानुसार कार्यसमितिको बैठकमा आमन्त्रण गरिनेछ ~~र निजको सयसुझावमाथि महत्वका साथ विचार गरिने छ~~। |
| ~~१६ (क)~~ | ......~~यस संस्थाको च्याप्टर गठन गरिनेछ~~ यथावत | ......~~यस संस्थाको च्याप्टर गठन गर्न सकिनेछ~~ गरिनेछ । |
| २३ (घ) | कार्यसमितिको निर्वाचन प्रत्येक २ वर्षमा साधारणसभामार्फत सकेसम्म आम सहमतिको आधारमा हुनेछ । | कार्यसमितिको निर्वाचन प्रत्येक १ वर्षमा साधारणसभामार्फत सकेसम्म आम सहमतिको आधारमा हुनेछ । |
| २४ | कार्यसमितिको उम्मेदवार हुनका लागि यस संस्थाको सदस्यता लिएको १ वर्षपछि मात्र कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्नेछ । | कार्यसमितिको उम्मेदवार हुनका लागि यस संस्थाको सदस्यता लिएको ६ महिनापछि मात्र कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्नेछ । |
| २४ ४ (३) | निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो संस्थाउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन । | निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो सदस्य वा व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव लयउन पाइने छैन । |
| अनुसूची २ | नयाँ व्यवस्था (थप) | विधानको अनुसूची २ मा देहायबमोजिमको शपथग्रहण ढाँचा थप गरिएको छ : |

Scanned by CamScanner

## अनुसूची २

## शपथग्रहणको ढाँचा

म.......................................................(नाम) नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा) को केन्द्रीय इकाई कार्यसमितिको ..................................................पदमा निर्वाचित /मनोनित भएको यस घडीमा सत्यनिष्ठापूर्वक यो शपथ गर्दछु कि मेरो कार्यकालमा यस संस्थाको अहित हुने कुनै कार्य गर्ने छैन । संस्थाको बृहद हितलाई ध्यानमा राख्दै यसको उन्नति, प्रगति र सम्वर्धनमा सदैव तत्पर र प्रतिबद्ध रहने छु ।

शपथग्रहण गराउनेको नामथरः

हस्ताक्षरः

पदः

मितिः

शपथग्रहण गर्नेको नामथरः

हस्ताक्षरः

पदः

मितिः

Scanned by CamScanner